नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं
( स्थानीय तह कर्मचारी प्रशासन शाखा)

४२००३१४
४२००२११
४२००४०४
४२००२११

पत्र संख्या :-०७४/७५
चलानी नं: ६४५०

मितिः२०७५।२।२४

**अत्यन्त जरुरी**

**बिषय : निर्देशन कार्यान्वयन गर्ने सम्बन्धमा ।**

**श्री जिल्ला समन्वय समितिको कार्यालय, जुम्ला ।**
**श्री तातोपानी गाउँपालिकाको कार्यालय, जुम्ला ।**
**श्री हिमा गाउँपालिकाको कार्यालय, जुम्ला ।**
**श्री सिंजा गाउँपालिकाको कार्यालय, जुम्ला ।**
**श्री पातारासी गाउँपालिकाको कार्यालय, जुम्ला ।**
**श्री कनकासुन्दरी गाउँपालिकाको कार्यालय, जुम्ला ।**
**श्री तिला गाउँपालिकाको कार्यालय, जुम्ला ।**

सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं १८६३, मिति २०७५।०२।१६ गतेको यस मन्त्रालयलाई सम्बोधन गरि पठाएको पत्रानुसार तहाँ कार्यालयले नेपाल सरकारबाट स्वीकृत स्थानीय तहहरुको अन्तरिम संगठन संरचना अनुसार रिक्त रहेका पदहरु खुला तथा बढुवा प्रकृयाद्वारा पदपूर्तिको कार्यबाही अगाडी बढाएको भन्ने सन्दर्भमा तत्काल पदपूर्ति प्रकृया स्थगन गरि निम्न अनुसारको निर्देशन पालना गर्न गराउन हुन मिति २०७५।२।२४ गतेको (माननीय मन्त्रीस्तर) निर्णयानुसार अनुरोध छ ।

निर्णय

१. हाल नेपाल सरकारबाट स्वीकृत भएको स्थानीय तहहरुको संगठन संरचना अन्तरिम भएकोले यसलाई स्थायी पद मानी कुनै पनि प्रकृयाले पदपूर्ति नगर्ने ।
२. पदपूर्ति प्रकृया प्रारम्भ गरेको वा माग आकृति फारम भरि लोक सेवा आयोगमा माग गरिसकिएको भए उक्त प्रकृया स्थगित गर्ने र माग फिर्ता लिने ।
३. स्थानीय तहहरुमा नेपाल सरकारले कर्मचारीहरुलाई कामकाज गर्न खटाइ रहेकोले नपुग कर्मचारीहरु यस मन्त्रालयमा माग गरि पठाउने ।
४. स्थानीय तहहरुमा नेपाल सरकारले कर्मचारी समायोजन गरे पश्चात मात्र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहहरुले संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा O&M गरि संगठन संरचना कायम गर्न सक्ने कानूनी व्यवस्था रहेकोले सोहि अनुसार गर्ने ।
५. अन्तरिम संगठन संरचना भित्र रहेका कुनैपनि पदहरु नेपाल सरकारलाइ दायित्व पर्ने गरि अस्थायी, करार वा अन्य कुनै प्रकृयाले पदपूर्ति नगर्ने ।
६. कर्मचारी व्यवस्थापन सम्बन्धी अन्य कार्य स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था , २०७४ बमोजिम गर्ने गराउने ।

२०७५।२।२४

प्रेम प्रसाद लुइटेल
उप सचिव

बोधार्थ
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौ ।